आज मिति २०८१/०१/२७ गते विहानको ८:३० बजेको समयमा यस उच्च सरकारी वकील कार्यालय जुम्लाको का.मु. सह-न्यायाधिवक्ता श्री द्रोणदत्त पौडेल ज्यूको संयोजकत्वमा बसेको समन्वय समितिको बैठकमा देहायको विषयमा छलफल गरी निर्णय गरियो ।

**उपस्थितिः-**

१. का.मु. सह-न्यायाधिवक्ता, श्री द्रोणदत्त पौडेल (अध्यक्ष)
२. प्रमुख जिल्ला अधिकारी, श्री जय कुमार घिमिरे (सदस्य)
३. प्रहरी नायब उपरीक्षक, श्री छेदीलाल कामोती (सदस्य)
४. रजिष्टार, श्री यम प्रसाद बाँस्कोटा (आमन्त्रित)
५.डा. श्री विनम्र बिष्ट (आमन्त्रित)
६. ना.सु. श्री धिरेन्द्र कुमार, यादव (कार्यक्रम संचालक)
७. कम्प्यूटर अपरेटर श्री मोहन महतारा (व्यवस्थापक)
८. स.ले.पा. श्री दल बहादुर बुढथापा (लेखा व्यवस्थापक)
९. श्री कृष्ण प्रसाद प्याकुरेल (का.स.)

**छलफलका विषयवस्तुहरु**

१. प्रतिकूल बकपत्र रोक्ने सम्बन्धी
२. परिक्षण प्रतिवदेनहरुको प्राप्ति
३. जुम्ला जिल्लामा समन्वयको अवस्था
४. धन्यवाद ज्ञापन

**निर्णयहरुः-**

**प्रस्तावनं. १ माथि छलफल गर्दा**

- नेपाल सरकार वादी भै दायर भएका मुद्दाहरुमा मातहत जिल्ला सरकारी वकील कार्यालयहरुबाट प्राप्त मिसिलहरु अध्ययन गर्दा जाहेरवाला पीडित लगायत अन्य सरकारी साक्षीहरु अदालतमा उपस्थित भै प्रतिकूल हुने गरी बकपत्र गर्ने गरेको पाइएको हुँदा मुद्दामा नेपाल सरकार असफल

भएको तथ्याङ्क देखिएबाट यसलाई सुधार गरी प्रतिकूल बकपत्र गर्ने प्रचलनलाई जति सक्दो कम गर्दै लैजाने तर्फ आ-आफ्ना मातहत कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ माथि छलफल गर्दा**

- मुद्दासँग सम्बन्धित परिक्षण प्रतिवेदनहरु समयमै प्राप्त गरी न्याय सम्पादनको कार्य छिटो छरितो गर्ने गराउने तर्फ आ-आफ्नो भूमिका र जिम्मेवारीलाई प्रभावकारी बनाउदै लैजाने निर्णय गरियो।

**प्रस्ताव नं. ३ माथि छलफल गर्दा**

- यस जुम्ला जिल्लामा सरोकारवाला निकायहरुको बीचमा समन्वयको अवस्था बारे समिक्षा गर्दा सन्तोषजनक रहेको भन्ने निष्कर्षमा पुगियो ।

**प्रस्ताव नं. ४ माथि छलफल गर्दा**

- श्री मुख्य न्यायाधिवक्ता कार्यालय कर्णाली प्रदेश, सुर्खेतबाट यस उच्च सरकारी वकील कार्यालयलाई च.नं. १७४ मिति २०८०/११/०१ को पत्रसाथ नेपाल ऐन संग्रह खण्ड १ देखि १७ सम्म थान-१९, नियम संग्रह खण्ड १ देखि १७ सम्म थान-२४, मुलुकी देवानी संहिता थान-१, मुलुकी संहिता कार्यविधि नियमावली थान-१, मुलुकी अपराध संहिता थान-१, समेत उपलब्ध गराई सहयोग पुऱ्याएमोमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।